# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन २६ गते २०५७ साल (अतिरिक्ताङ्क २३

## भाग २

श्री ५ को सरकार

कानून,न्याय तथा ससदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

### २०५७ सालको ऐन नं. ५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७" रहेको छ ।

(२) यो ऐन २०५७ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०४९ मा संशोधन : औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (ण) र (न) झिकिएकोछ ।

३. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा संशोधन : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ५ को उपदफा (१) झिकिएकोछ ।

४. आयकर ऐन, २०३१ मा संशोधन : आयकर ऐन, २०३१ को दफा १३ को खण्ड (ख) झिकिएकोछ ।

५. सहकारी ऐन, २०४८ मा संशोधन : सहकारी ऐन, २०४८ को दफा ३८ को उपदफा (१) को खण्ड (ग) झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८७६

६. **<u>निजामती सेवा ऐन, २०४९ मा संशोधन</u> : निजामती सेवा ऐन, २०४९ को दफा २७ को उपदफा (३) मा रहेका "निजको शुरु तलब स्केलको दरले हुने एक दिनको तलब बराबरको रकम भन्दा कम नहुने गरी तोकिए बमोजिमको रकम तलब वृद्धि पाउनेछ" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको रकम तलब वृद्धि पाउनेछ । तर यसरी तलब वृद्धि तोकिंदा सम्बन्धित कर्मचारीले खाई पाई आएको रकममा नघट्ने गरी तलब वृद्धि संख्या मिलान गरिनेछ" भन्ने शब्दहरु राखिएका छन् ।**

लालमोहर सदर मितिः- २०५७।४।२६।५

आज्ञाले,
बाल प्रसाद श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४७८